शान्ति सुशासन र लोकतन्त्रमा समर्पित

जि. प्र. का. स. को दर्ता नं. ५९/०७५/०७६

# सर्लाही अपडेट

पृष्ठ ५ मुल्य

राष्ट्रिय दैनिक पत्रिका

वर्ष ३ अंक ९५ २०७९ पुस ०३ आईतवार Sarlahi Update National Daily Sunday 18 Dec. 2022

## धान किसानको धन बिचौलियाका



*सर्लाही अपडेट समाचारदाता-*

काठमाडौं, ०२ पुस । समर्थन मूल्य तोकेको डेढ महिना बित्दा पनि सरकारले किसानको धान किनेको छैन । जसको सोझो मारमा किसान परेका छन् । त्यसको फाइदा भने बिचौलियाले उठाइरहेका छन् । सरकारी लाचारीपनका कारण किसान बिचौलियामार्फत सरकारी मूल्यभन्दा प्रतिक्विन्टल ६ सय रुपैयाँ कममा धान बेच्न विवश छन् । किसानको दबाबमा गत कात्तिक १६ मा सरकारले चालु आर्थिक वर्षका लागि मोटा धान प्रतिक्विन्टल २ हजार ९ सय ६७ र मध्यम धानको ३ हजार १ सय २८ रुपैयाँ समर्थन मूल्य तोकेको थियो । मन्त्रिपरिषद्ले मूल्य तोके पनि धान किन्ने सरकारी संयन्त्र नबनाइदिँदा बिचौलियाको रजगज बढेको छ । उनीहरूले मोटो धान २ हजार ३ सय र मध्यम धान २ हजार ६ सयका दरले किसानसँग किनिरहेका छन्। पुस लागिसक्दा पनि सरकारी बेवास्ता भएपछि नजिकका व्यापारीलाई धान बेच्न थालेको सर्लाहीको कविलासी नगरपालिका-१ पिपरियाका किसान सुरेन्द्र रायले गुनासो गरे । 'सरकारले मूल्य तोकेको सुनेको छु । तर, त्यो दरमा कहाँ बेच्ने हो, केही जानकारी छैन,' उनले भने, 'सरकारी दरमा धान बिक्री नभएपछि व्यापारीलाई बुझाउन थालेको छु ।' धानको भण्डारण गर्ने स्थान नहुँदा किसान सक्दो चाँडो बेच्नुपर्ने बाध्यतामा रहेको उनले सुनाए । कैयौं किसान धान बेचेर हुने आम्दानीले गहुँ लगाउनुपर्ने र घरायसी खर्च धान्नुपर्ने परिस्थितिमा छन् । धान बेचेपछि खेतमा अर्को बाली लगाउन गहुँ तथा दलहन बालीको बीउ तथा मल खरिद गर्न सहज हुने पिपरियाका किसान रविन्द्र रायले बताए । सरकारले मूल्य तोके पनि खरिद नगरिदिँदा किसान मर्कामा परेको उनको गुनासो छ । 'सरकारी मूल्यको बाटो पर्खियो भने कहिले बिक्री हुन्छ, थाहा हुँदैन, आफ्नो यहाँ घर व्यवहार धान्नै मुस्किल छ,' रायले भने, 'हामी त बर्सेनि ठगिन बाध्य भएका हौं, मूल्य त तोकियो तर काहाँ बिक्री गर्ने, थाहा छैन, सरकार मूकदर्शक भएर बसेको छ ।' वर्षौंदेखि हरेक सिजनमा मल, बीउ खरिदमै समस्या भोग्दै आएका किसान अघिल्ला वर्षहरू जस्तै यसपाला पनि आफ्ना उत्पादन बेच्न संघर्षरत छन्। गतवर्षको तुलनामा यस वर्ष धान

*बाँकी ३ पेजमा.....*

## रामनगर गोलीकाण्डमा घाइते सशस्त्र प्रहरी जवानलाई काठमाडौं पुर्याइयो

*- सदाम हुसैन*

सर्लाही, ०२ पुस । सर्लाहीको रामनगर गाउँपालिका-७, मा शुक्रबार साँझ गोली लागेर घाइते हुनुभएका सशस्त्र प्रहरीका जवानलाई थप उपचारका लागि टिचिङ अस्पताल महाराजगन्ज, काठमाडौं पुर्याइएको छ। गोली लागेर घाइते सशस्त्र प्रहरी जवान ३२ वर्षीय सुरेश साहलाई प्रादेशिक अस्पताल मलंगवामा सामान्य उपचार पश्चात शनिबार बिहानपख काठमाण्डौं पुर्याइएको हो । काभ्रेमा कार्यरत साह बिदामा घर आएका थिए । शुक्रबार साँझ अरु ३ जना साथीसँगै बसेर खाजा खाएपछि बाहिर निस्कने क्रममा साहमाथि गोली प्रहार भएको थियो । प्रहरीले सो घटनामा संलग्न सुरेशकै मामाका छोरा धनकौल गाउँपालिकाको धोबिनियाँ टोलका रामप्रवेश साहलाई घटना लगत्तै पक्राउ गरेको थियो । उनी अहिले प्रहरी हिरासतमा छन् । घटनामा संलग्न फरार रहेका अन्य २ जनाको पनि पहिचान भइसकेको र उनीहरुलाई नियन्त्रणमा लिने प्रयास गरिरहेको सर्लाहीका एसपी प्रवीण पोखरेलले बताए। घाइते सुरेश, मामाका छोरा रामप्रवेश र फरार रहेका २ जनाले खाजासहित मदिरा समेत सेवन गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ। गोली लागेर घाइते सशस्त्र प्रहरी जवान साहले मदिराको नशा छाड्दै गएपछि अघि बिहानपखबाट मात्रै होसको कुरा गर्न थालेको एसपी पोखरेलले उज्यालो अभियानसँग बताए । उनले प्रारम्भिक अनुसन्धानमा लेनदेनको विवादमा गोली चलेको बुझिए पनि थप अनुसन्धान जारी रहेको बताए ।



## सर्लाहीमा समानुपातिकबाट ८ जना सांसद निर्वाचित, सबै महिला

*- सदाम हुसैन*

सर्लाही, ०२ पुस । सर्लाहीमा समानुपातिक निर्वाचन प्रणाली तर्फबाट प्रतिनिधि सभामा तीन जना र प्रदेश सभामा पाँच जना निर्वाचित भएका छन्। निर्वाचित हुने आठै जना महिला छन् । प्रतिनिधि सभामा नेकपा एमालेबाट हरिवन नगरपालिका-९, निवासी सरस्वती सुब्बा निर्वाचित भएकी छन् ।

भूमिहिन सुकुम्बासीको पक्षमा वर्षौंदेखि आवाज उठाउँदै आएकी सुब्बा आदिवासी जनजाति समूहबाट निर्वाचित भएकी हुन् । त्यस्तै, नेपाली कांग्रेसबाट कौडेना गाउँपालिका-३, निवासी चन्दा चौधरी निर्वाचित भएकी छन् । चौधरी चुनावको केही दिनअघि मात्रै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) परित्याग गरी कांग्रेसमा प्रवेश गरेकी थिईन् । केपी शर्मा ओली नेतृत्वको सरकारमा १९ दिन महिला तथा बालबालिका मन्त्री बनेकी चौधरी यसअघि २०७४ मा लोसपाको तर्फबाट समानुपातिक सांसद थिईन् । चुनावकै मुखमा पार्टीमा भित्र्याएको कांग्रेसले चौधरीलाई मधेशी समूहबाट प्रतिनिधि सभा सदस्य बनाएको हो । त्यस्तै, सर्लाही ४ मा गठवन्धनका उम्मेदवारविरुद्ध छोरीलाई बागी उम्मेदवार उठाएको भन्दै माओवादी केन्द्रले कारवाही गरेको नेता शिवपुजन रायकी श्रीमतीलाई नै समानुपातिकबाट सांसद बनाएको छ ।

माओवादीले मधेशी कोटाबाट रातो पासपोर्ट दुरुपयोग गरेको आरोप लागेका रामनगर गाउँपालिका-५ निवासी शिवपुजनकी श्रीमती मीना यादवलाई समानुपातिक सांसद बनाएको हो । मङ्सिर ४ को निर्वाचनमा शिवपुजनले छोरी मधुमालालाई बागी उम्मेदवार उठाएका थिए । यहाँ स्वतन्त्र उम्मेदवार डाक्टर अमरेशकुमार सिंह निर्वाचित गठवन्धनका उम्मेदवार कांग्रेसका नागेन्द्र राय दोस्रो र मधुमाला तेस्रो भईन । यसैबीच, मधेश प्रदेश सभामा समानुपातिकतर्फबाट सर्लाहीमा निर्वाचित पाँच जनामध्ये तीन जना कविलासी नगरपालिकाको छन् ।

नेपाली कांग्रेसबाट कविलासी नगरपालिका-९, निवासी शकुन्ती देवी, जनमत पार्टीबाट कविलासी नगरपालिका-२, निवासी हसिना खातुन र जनता समाजवादी पार्टीबाट कविलासी नगरपालिका-७, निवासी विन्दुकुमारी यादव मधेश प्रदेश सभा सदस्यमा निर्वाचित भएकी छन्। शकुन्ती देवी दलित, हसिना खातुन मुस्लिम र विन्दुकुमारी यादव मधेशी समूहबाट निर्वाचित भएकी हुन् ।

### मलंगवा नगरपालिका
### १० नं. वडा कार्यालय
### मलंगवा, सर्लाही
### मधेश प्रदेश, नेपाल

## अतिक्रमण क्षेत्र खाली गर्ने सम्बन्धमा

*प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०८/१५ गते ।*

यस मलंगवा नगरपालिका वडा नं. १० स्थित रहेको जिल्ला अदालत देखि उत्तर भरत पंडितको पान पसल देखि जि.वि.स. चौकको आलोक चिया पसल सम्म सो क्षेत्रमा नयाँ संरचना व्यवस्थापन गर्नुपर्ने भएकोले कुनै किसिमको पसल वा टहरा नराख्न सम्बन्धित सरोकारवाला लाई जानकारी गराईन्छ । साथै यस क्षेत्र भित्र राखेका पसल, टहरा वा कुनै सामान सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र खाली गरि दिनुहुन हार्दिक अनुरोध गरिन्छ । अन्यथा प्रचलित कानुन बमोजिम खाली गराउने सर्व-साधारणको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

*मुकेश कुमार झा*
*वडा अध्यक्ष*

**एउटा सानो सपना छ र त्यो सपना पुरा गर्ने ठुलो सपना छ ।**

## सर्लाही अपडेट दैनिक पत्रिका

**प्रकाशक/ सम्पादक** : बन्दना झा
**कम्प्युटर अपरेटर** : सदाम हुसैन
**कार्यालय**
मलंगवा नगरपालिका वडा न - ९, सर्लाही
फोन नं. : ०४६-५२०६०९, ९८४४४४४९६३
Website : sarlahiupdate.com
Email : sarlahiupdatedaily2076@gmail.com
**मुद्रक** : जानकी अफसेट प्रिन्टीङ्ग प्रेस मलंगवा-२, सर्लाही


## ☞ सम्पादकीय.....

### साथी कि सास्ती ?

*स-साना बालबालिकालाई स्तरीय शिक्षाका नाममा धेरै किताव भिडाउने अनि विद्यालयमा आधारभूत आवश्यकताको समेत व्यवस्था नगरी घरैबाट पानी बोक्न बाध्य पार्ने प्रवृत्तिले झोलाको वजन झनै बढाएको छ। पाठ्यक्रमले राखेको उद्देश्य पूरा गर्ने दिशामा भन्दा अनावश्यक रूपमा सूचना थोपर्ने प्रयास हुँदा किताबहरू बालमनोविज्ञान र बालविकास सिद्धान्तविपरीत नीरस र त्रुटिपूर्ण बनेका छन् । कमिसनको लोभमा स्तरहीन पुस्तक लगाउने विद्यालय तथा ठूला किताब बनाएर धेरै मूल्य असुल्ने प्रकाशकको अर्थलोलुप प्रवृत्तिलाई समयमै नियन्त्रण गर्नुपर्छ। समग्र शैक्षिक विकासका लागि उपयुक्त किसिमका नीति र योजना आवश्यक भए पनि शिक्षा क्षेत्रमा झाँङ्दिै गएका विकृति नियन्त्रण गर्न पुस्तक, बालबालिकाका झोला, खानेपानी र गृहकार्य जस्ता ससाना तर बहुप्रभावी विषयमा तुरुन्तै सुधार गर्नु आवश्यक छ ।*

# महिलामाथि राजनीतिक विभेद

*- डा. रेणु अधिकारी*

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मतगणना अन्तिम चरणमा पुगेको छ । केही दिनयता सबैको ध्यान निर्वाचन परिणाममा गइरहेको छ । यसैबीच मंसीर ९ गतेदेखि १६ दिने लैंगिक हिसाविरुद्धको अभियान देशैभरि सुरु भयो । प्रतिनिधिसभातर्फ आठ महिला मात्र प्रत्यक्ष निर्वाचित भए । हिंसाविरुद्धको अभियान सञ्चालन भइरहँदा राजनीतिक दलभित्र र राजनीतिमा महिलाको उपस्थितिलाई बढाउनेतर्फ पनि ध्यान दिनुपर्छ। राजनीतिमा महिलाहरू सक्रिय भए, तिनको संख्या बढे लौंगिक हिंसा कम गर्न सरकारलाई झक्झक्याउने अवस्था बन्छ। महिलाको हितमा नीति, नियम तथा योजना ल्याउन सहज हुन्छ । लोकतान्त्रिक देशका लागि आवधिक निर्वाचन जति आवश्यक हुन्छ, त्यत्तिकै अपरिहार्य छ, निर्वाचनबाट संसद्मा प्रवेश गर्ने व्यक्तिहरूमा विविधता । राज्य सञ्चालनमा हरेक लिंग, वर्ग, जात, धर्म तथा भूगोलको प्रतिनिधित्व हुनुपर्छरु। विभिन्न तवरबाट पाखा लगाइएका व्यक्ति वा समुदायले 'यो देश मेरो पनि हो' र 'मेरो पनि समान अधिकार छ' भन्ने अनुभूति नगरेसम्म लोकतन्त्र बलियो हुन सक्दैन । यसैको प्रत्याभूतिका लागि नेपालमा जनता आफैंले संविधान बनाए, जसले समानताका सिद्धान्तहरू आत्मसात् गरेको छ । लामो समयदेखि विभिन्न समुदाय अनेकन् विभेदमा परेका थिए । त्यस्ता सीमान्तीकृत समुदायले पनि आफ्नो प्रतिनिधि छनोट गरेर संविधानसभामा पठाएका थिएरु। पहिलो संविधानसभा प्रमुख राजीतिक दलहरू बीचको द्वन्द्वका कारण सफल हुन सकेन । दोस्रो संविधानसभाले मात्र संविधान दिएको हो । नेपालको सीमान्तीकृत समुदायलाई राज्यको मूलधारमा ल्याउन संविधानले विभिन्न अधिकारको व्यवस्था गरेको छ । आफ्नै हातले संविधान लेख्न हजारौं नेपालीले जीवन उत्सर्ग गरेका हुन् । कति अंगभंग भएर बाँचिरहेका छन् । यसरी जनताको बलिदानीबाट पाएको संविधानले समानता र सम्मानपूर्वक जीवन बाँच्न पाउने हकको व्यवस्था गरेको छ । मौलिक हक र कर्तव्य अन्तर्गत सम्मानपूर्वक बाँच्न पाउने, स्वतन्त्रताको, समानताको, न्याय सम्बन्धी, अपराधपीडितको, छुवाछुत तथा भेदभावविरुद्धको हक लगायतलाई प्राथमिकता दिइएको छ । स्पष्ट व्याख्या गरिएको छरु। मौलिक हकमा कुनै सम्झौता हुनु पनि हुन्नरु। हरेक नागरिकको मौलिक हकको सम्मान, परिपूर्ति र प्रवर्द्धन गर्नु राज्यको दायित्व हो । समानताको हकले सबै नगरिक समान हुनुपर्छ भन्छ, यसले सबैलाई समेट्छ। तैपनि समानताको हक व्यवहारमा प्रत्याभूत हुन सकेको छैन । संविधान बनाउन आफ्नो महत्त्वपूर्ण भूमिका निर्वाह गरेका दलहरूबाटै यसको उल्लंघन भइरहन्छ । यसको पछिल्लो उदाहरण हो- प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा प्रत्यक्ष निर्वाचनतर्फका उम्मेदवार र विजयीको संख्या। संविधानको धारा ३८ मा महिलाको हक भनेर 'राज्यका सबै निकायमा महिलालाई लौंगिक समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ' भनिएको छ। संविधानमा यति राम्रो व्यवस्था भए पनि व्यवहारमा देशको नेतृत्व गर्ने नेता तथा दलहरू यस्तो हकप्रति संवेदनशील छैन। महिलालाई राजनीतिकबाहेक अरू पनि निकै महत्त्वपूर्ण हक सुनिश्चित गरिएको छ। धारा ३८ (३) मा लेखिएको छ, 'महिलाविरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछरु।' विडम्बना लामो समयदेखि देश चलाइरहेका र यस्तो प्रावधान राख्न पनि केही न केही भूमिका भएका ठूला दलका ठूला नेताहरूबाटै यसको उल्लंघन भएको छ। तिनलाई कसले सजाय दिने ? त्यसै गरी नयाँ दलहरूले पनि महिलाको समानुपातिक समावेशी प्रतिनिधित्वको मुद्दालाई प्राथमिकतामा राखेका छैनन्रु। तिनको हालत पनि पुराना ठूला दलहरूको जस्तै छ । महिला प्रतिनिधित्वको सवालमा तिनले नयाँ भने पनि पुरानै दलको अनुसरण गरिरहेका छन् । कम्तीमा नयाँ दलहरूले उम्मेदवारी दिने बखतमै ५० प्रतिशत महिलालाई उठाएको भए अर्थपूर्ण हुन्थ्योरु। नयाँ पुस्ता समानताको मुद्दामा सचेत छन् भन्ने आधार दिन्थ्यो । प्रत्यक्षमा उम्मेदवारी नदिने, तर समानुपातिकमा पाएको मतबाट दलहरूले महिला कोटा पूरा गरिरहेका छन् भन्ने तर्क गर्नेहरू पनि धेरै छन्। तर, यो कुरा सैद्धान्तिक रूपमै गलत छ । महिला देशको समान नागरिक भएका कारण पहिलो हुने निर्वाचन पद्धतिमै बराबरीको उम्मेदवार हुनुपर्ने होरु। भविष्यमा कानुन नै ल्याएर यो प्रावधान सुनिश्चित हुनेछ भन्ने आशा गर्न सकिन्छ। तर, तत्काल यस कुरालाई दलहरूले बुझ पचाइरहेका छन् । कतिपय दलले प्रत्यक्षमा सिट ल्याए पनि राष्ट्रिय दल बन्न पुऱ्याउनुपर्ने मत नपुग्ने देखिएको छरु। प्रत्यक्ष निर्वाचनमा सबै पुरुषले जितेका छन्, अब तिनले सदनमा प्रतिनिधित्व गर्ने ३३ प्रतिशत महिला कहाँबाट ल्याउने ? ल्याउन नसक्ने दलले सदनमा प्रवेश पाउने कि नपाउने ? निर्वाचन आयोगले तिनका सांसदहरूलाई सदनमा बस्न योग्य ठहऱ्याउने कि नठहऱ्याउने ? ३३ प्रतिशत महिला प्रतिनिधित्व नभएको दल सदनमा कुन नैतिकताले रहने ? महिलालाई विभेद गर्नमा शक्ति सम्पन्न राजनीतिक दलहरू नै अग्रपंक्तिमा छन् । बौद्धिक जमात पनि यसमा कम छैन। केही दिनअघि एक अनलाइन पोर्टलमा सुन्दरीले हराइन हेभिवेट उम्मेदवार आशय दिने शीर्षकमा महिला उम्मेदवार विजयी भएको समाचार आएको थियो। यस्ता शीर्षक र समाचार प्रायः सबै मिडियाको हुने गर्छ । राजनीतिक प्रतिस्पर्धी पुरुषको शरीरबारे भने कहिल्यै समाचार बन्दैनरु। यस्तो अपमान महिलालाई मात्र किन ? महिलामाथि हुने हिंसा तथा मानव अधिकार हनन सामाजिक अपराध हो, जुन राज्य पक्षबाटै भइरहेको छ । समाज-परिवारबाट पनि महिलाले उत्तिकै विभेद बेहोर्नुपरेको छ । राज्य र समाज-परिवारबाट हुने विभेद अन्तरसम्बन्धित हुन्छन् । महिलामाथि राजनीतिक विभेद शक्तिशाली समूहबाट हुने गर्छ भने परिवार र समाजमा पनि त्यसको प्रभाव पर्छ। महिला दोस्रो दर्जाका हुन्, जे गरे पनि हुन्छ भन्ने मान्यता स्थापित हुन्छ । महिलाको कामको सम्मान हुन्न । महिला परिवारको सम्पत्ति हो भन्ने मान्यता स्थापित हुन्छ । फलस्वरूप महिलामाथि हुने हिंसा झन् बढ्छ । एक गैरसरकारी संस्था वोरेक नेपालको महिला हिंसाविरुद्धको वर्ष पुस्तक-२०७९, अनुसार महिलामाथि हुने हिंसामध्ये ६५ प्रतिशत घरेलु हिंसा र त्यसो गर्नेमध्ये ७७ प्रतिशत श्रीमान् छन्। यस्ता हिंसा प्रभावितहरू केही समय सुरक्षामा बसेर, सहयोग पाएर पनि पछि फेरि हिंसापीडित भएका छन्। सो प्रतिवेदन अनुसार पुनः हिंसाबाट पीडित हुने महिला करिब ८२ प्रतिशत छन् । यसलाई सानो संख्या मान्न सकिन्न। महिलामाथि हुने हिंसा प्रायः घरभित्रै हुने गर्छरु। र, यो कुरालाई राज्यले सामान्य रूपमा लिनु हुन्न । राजनीतिबाट महिलालाई पाखा लगाउँदा राज्य संरचनामा स्थापित एक खाले व्यक्तिहरूलाई फाइदा भैरहेको छ। उनीहरूको सत्तामाथिको वर्चस्व कायम छ । त्यसैले घरैदेखि विभेद हुने परम्परालाई निरन्तरता दिन सक्दा, भोलि राजनीतिक तहमा पनि विभेद गर्न सहज हुन्छ जुन अहिलेको संरचनाको मूल मन्त्र बनिरहेको छ ।


**कबिलासी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कबिलासी, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

**सूचना! सूचना!! सूचना!!!**

१. जन्म, मृत्यु, बसाईसराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र आ-आफ्नो वडामा आई निःशुल्क दर्ता गरौं ।
२. जेष्ठ नागरिक, दलित जेष्ठ नागरिक, विधवा, एकल महिला, ५ वर्ष मुनिका दलित बालबालिका र पूर्ण एंवम अति अशक्त अपाङ्गता भएका लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न र अधावधिक गर्न आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरौं ।
३. घर र व्यवसायबाट निस्कने फोहरजन्य पर्दाथ जथाभावीनफालौं ।
४. बालश्रमको प्रयोग नगरौं र बालमैत्री समाजको निर्माण गरौं ।
५. अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक संरक्षण गरौं ।
६. सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं ।
७. कर समयमा नै तिरी जरिवानाबाट बचौं र सभ्य नागरिकको परिचय दिऔं ।

# मंसिरमा ६० जना चालकको लाइसेन्स निलम्बन

काठमाडौं, ०२ पुस। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले मंसिर महिनामा ६० वटा सवारी चालक अनुमति पत्रलाई निलम्बनको लागि यातायात व्रुयवस्था विभाग पठाएको छ। सवारी तथा यातायात व्यवस्था ऐन २०४९ र नियमावली २०५४ बमोजिम चालकले पालना गर्नु पर्ने सर्त तथा नियमहरू पाँच (५) पटकभन्दा बढी उल्लंघन गरेको पाइएकोले सोही ऐनको परिच्छेद ४ को दफा ६० बमोजिम सवारी चालक अनुमति पत्र निलम्बनका लागि यातायात व्यवस्था विभाग पठाइएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथका प्रवक्ता एवम् प्रहरी वरीष्ठ उपरीक्षक राजेन्द्र प्रसाद भट्टले जानकारी दिए। निलम्बनका लागि पठाइएका सबै भन्दा धेरै कारवाहीमा १ जना ४४ पटक , ३५ पटक कारवाही १ जना , २४ पटक परेका ३ जना , १४ पटक परेका १ जना , १२ पटक परेका ७ जना ,७ पटक परेका २ जना र ६ पटक कारवाहीमा परेका ४५ जना गरी जम्मा ६० जनाका सवारी चालक अनुमति पत्र निलम्बनको लागि यातायात ब्यवस्था विभाग पठाएको हो। उनीहरुले सवारी तथा यातायात व्यवस्था ऐनको दफा १६४ को उपदफा १ बमोजिम कसुर गरेको पाइएको थियो। ट्राफिका नियम उल्लघंन गरिरहने चालकहरुबाट नै सवारी दुर्घटना भएको तथ्यांकले समेत देखाएको छ। सवारी दुर्घटनामा परेका अधिकांश सवारी चालक यसअघि पनि पटक पटक कारवाहीमा परेको समेत काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएकरुो छ।

# विश्वकपमा तेस्रो भयो क्रोएसिया

काठमाडौं, ०२ पुस। क्रोएसियाले विश्वकपमा पुनः एकपल्ट उच्चस्तरको प्रदर्शन गर्दै तेस्रो स्थान जितेको छ। ऐतिहासिक टिम मोरक्कोलाई शनिबार भएको प्लेअफमा क्रोएसियाले २-१ गोलअन्तरले पराजित गरेको हो। ज्लात्को ड्यालिक प्रशिक्षित क्रोएसिया चार वर्षपघि रुस विश्वकपमा फ्रान्ससँग फाइनलमा पराजित रहेको थियो। सन् १९९८ मा विश्वकपमा डेब्यू गरेर एकपल्ट फेरि विश्वकपमा तेस्रो हुँदै क्रोएसियाले विश्व फुटबलमा एलिट देशका रुपमा आफूलाई स्थापित गरेको छ।

प्लेअफ खेलको सुरुवात शानदार र विस्फोटक रह्यो। सातौं मिनेटमै जोस्को भार्डिओलको डाइभिङ हेडर गोलमार्फत क्रोएसियाले अग्रता बनाएको थियो। तर, अचरफ दारीले दुई मिनेटभित्रै क्लोज रेन्जबाट गोल गरी खेल बराबरीमा ल्याए। मिस्लाभ ओर्सिचले पहिलो हाफ हुनुभन्दा ३ मिनेटअघि शानदार गोल गरी क्रोएसियालाई पुनः अग्रता दिलाए। मूलतः उनको प्रहार क्रसका लागि थियो। तर, डिफ्लेक्ट भएपछि बलले पोष्टको दिशा लियो, जसलाई मोरक्कोका प्रोफोलिक गोलकिपर यासिन बोनोले पनि अनुमान गर्न सकेनन्। पहिलो हाफको तुलनामा खेलको दोस्रो हाफ उर्जाशील थिएन। मोरक्कोले खेलमा बराबरीका लागि केही राम्रा अवसरको उपयोग गर्न सकेन। जारी विश्वकपमा आश्चर्यजनक सफलता पाएको मोरक्कोले लगातार दुई हारसँगै आफ्नो विश्वकप अभियान अन्त्य गरेको छ। कतार विश्वकपको फाइनल खेल आइतबार हुनेछ। जहाँ साविक विजेता फ्रान्स र लियोनल मेस्सीको टिम अर्जेन्टिना आमनेसामने हुनेछन्। यो खेल दोहाको लुसेल रंगशालामा आइतबार राति पौने ९ बजेदेखि सुरु हुनेछ।

# जंगली हात्तीको आक्रमणबाट एक महिलाको मृत्यु

चितवन, ३ पुस। चितवनको भरतपुर महानगरपालिका २८ मा जंगली हात्तीको आक्रमणबाट एक महिलाको मृत्यु भएको छ। गएराति आँगनमा आगो तापिरहेकी ७० वर्षीया भागीरथी सुवेदीको जंगली हात्तीको आक्रमणबाट मृत्यु भएको हो। हात्तीको आक्रमणबाट गम्भीर घाइते भएकी सुवेदीको भरतपुर अस्पतालमा उपचारको क्रममा गएराति साढे १० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता डीएसपी विजयराज पण्डितले जानकारी दिए। उनको शव पोष्टमार्टमका लागि राखिएको छ।

## कविलासी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कविलासी, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

## सवारी साधन भाडामा लिने बारे दरभाउपत्र आव्हानको ७ दिने सूचना

*प्रथम पटक प्रकाशित मिति : २०७९/०९/०३ गते।*

**यस कार्यालयलाई चार चक्के हलुका सवारी साधन आवश्यक भएकोले भाडामा दिन चाहाने ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले देहाय बमोजिमका शर्तहरुमा रही रित पूर्वकको दरभाउपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।**

१. दरभाउपत्र फारम यो सूचना प्रकाशित भएको मिति देखि तपसिलमा उल्लेख भए बमोजिमको मितिसम्म व्यक्ति/फर्म/कम्पनीको लिखित निवेदन पेश गरी यस कार्यालयको जिन्सी व्यवस्थापन शाखाबाट तपसिल बमोजिमको दस्तुर बुझाई (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ।
२. दरभाउपत्र तपसिलमा उललेखित मिति र समय भित्र यस कार्यालयको जिन्सी व्यवस्थापन शाखामा शिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ।
३. दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु तपसिलमा उल्लेखित मिति र समयमा कार्यालयको जिन्सी व्यवस्थापन शाखामा दरभाउपत्र दाताको उपस्थितमा खोलिनेछ। तर दरभाउपत्र दाताका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
४. दरभाउपत्र साथ सवारी धनी प्रमाणपत्र, बिमाका कागजातहरु, सवारी चालकको अनुमती पत्र आदि कागजपत्र साथै पेश गर्नुपर्ने छ।

**तपसिल**

| दरभाउपत्र नं. | कामको विवरण | स्पेशीफिकेशन | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति र समय | दरभाउपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| २-२०७९/०८० | चार चक्के सवारी साधन भाडामा लिने कार्य | कम्तीमा ८ सिट क्षमता भएको ए.सी. जडान भएको कम्तीमा १२०० सिसि भन्दा माथिको डिजिटल सिस्टम भएको सुविधा युक्त | २०७९/०९/११ गते कार्यालय समय सम्म | २०७९/०९/१२ गते दिउँसो १२ बजे सम्म | २०७९/०९/१२ गते दिउँसो १ बजे | १०००।- (एक हजार मात्र) |

***अन्य सेवाका शर्तहरु निम्न अनुसार हुनेछ।***

१. सवारी नविकरण तेश्रो पक्ष बिमा सहित फूल बिमा कम्प्रीहेन्सिभ बिमा भएको अर्थात जोखिमको हकमा सवारी साधन धनी नै जिम्मेवार हुने कार्यालयले कुनै जोखिम बहन नगर्ने।
२. सवारी चालक कम्तीमा दुई वर्ष काम गरेको अनुभवी हुनु पर्नेछ। सवारी चालक सहित सवारी साधन उपलब्ध गराउनु पर्नेछ। सवारी चालकको पारिश्रमिक सवारी धनीले नै व्यहोर्नु पर्नेछ। सवारी चालकलाई जिल्ला भन्दा बाहिर जानु परेमा कार्यालयको नियमानुसार दैनिक भ्रमण भत्ता कार्यालयको तर्फबाट भुक्तानी गरिने छ।
३. आफ्नो सवारी साधन पहिलो पक्षलाई सम्झौताका मिति देखि कार्यालय प्रयोजनको लागि दुरुस्त उपलब्ध गराउनु पर्नेछ।
४. नगर कार्यपालिकाको कार्यालयलाई आवश्यक परेको बखत सबै समय सवारीको प्रयोग निर्वाद रुपले जुनसुकै समयमा पनि उपलब्ध गराउने र सवारी कार्यालयको नियन्त्रणमा कार्यालयले राख्नेछ।
५. सवारीको मर्मत सम्भारको जिम्मेवारी सवारी धनीकै हुनेछ। मर्मत सम्भारको कुनै पनि व्यवस्था कार्यालयले व्यहोर्ने छैन।
६. सवारी भाडा वापत नगरपालिकाबाट मासिक रुपमा एकमुष्ट भुक्तानी दिईने छ। इन्धन खर्चको हकमा ९ (नौ) कि.मी. प्रति लिटरका दरले मासिक रुपमा लगबुक र कामको आधारमा भुक्तानी दिइनेछ। इन्धन सवारी धनीले नै व्यवस्था गर्नु पर्नेछ।
७. नेपाल सरकारलाई बुझाउन पर्ने कर, दस्तुर, महसुल दोस्रो पक्षले नै बझुाउनु पर्नेछ। कम्तीमा १० प्रतिशत भाडाकर लाग्ने छ।
८. शर्तहरु उलघन भएमा कार्यालयले जुनसुकै समयमा करार तोड्ने सकिने छ। सेवा प्रदान गर्ने व्यक्ति (दोस्रो पक्ष) ले सेवा छोड्ने चाहेमा ७ दिन अगावै सूचना दिई स्वीकृत भएमा मात्र सेवा छोड्न पाइने छ।
९. सवारी साधनको दैनिक भाडा अधिकतम रु. ५,५००।- कर सहित (इन्धन बाहेक) मा नबढाई पेश गर्नेपर्ने छ।
१०. गाडी भाडाको अवधि २०८० असार मसान्त सम्म रहनेछ।

*प्रमुख प्रशासकिय अधिकृत*

## मनोरंजन समाचार

### 'अवतार २' लाई सकारात्मक समीक्षा, भेराइटीले लेख्यो



बहुप्रतीक्षित हलिउड फिल्म 'अवतार : द वे अफ वाटर'लाई अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले सकारात्मक समीक्षा दिएका छन् । उत्तर अमेरिकामा १७५ मिलियन डलर र भारतमा ५० करोड भारुको ओपनिङ गर्ने प्रक्षेपणको बीच 'अवतार २' प्रदर्शन हुन लागेको हो । नेपालमा फिल्मले एक करोडभन्दा बढीको ओपनिङ गर्ने प्रक्षेपण छ ।

जेम्स क्यामरुन निर्देशित फिल्म 'अवतार'को दोस्रो श्रृंखला १३ वर्षपछि शुक्रबार विश्वभर प्रदर्शन हुँदैछ । भेराइटी म्यागजिनका समीक्षक डेभिड एलिच लेख्छन्, 'अवतार : द वे अफ वाटरमा निर्देशक क्यामरुनले विशाल, लामो र शानदार संसारलाई चकित पार्ने शानदार सिक्वेल बनाएका छन् । हरेक कोणबाट उनले हामीलाई पाण्डोरा ग्रहमा फिर्ता लैजान प्रविधिको अधिकतम उपयोग गरेका छन् ।'

भेराइटीले फिल्मको ड्रामाटिक डायमेन्सनमा केही कमजोरी रहे पनि दर्शकले त्यसलाई बेवास्ता गर्ने लेखेको छ । इन्डीवायरका समीक्षक ओवेन ग्लिरबरम्यान लेख्छन्, 'जेम्स क्यामरुनको अवतार फिल्म हलको अनुभवका लागि बनाइएको हो । फिल्म निर्माता पनि साँचो अर्थमा पान्डोरामा फर्कनेबारे शंकास्पद थिए, तर द वे अफ वाटर अघिल्लो भागबाट सुधारिएको फिल्म हो ।' हलिउड रिपोर्टरका समीक्षक डेभिड रुनी लेख्छन्, 'जेम्स क्यामरुनको यो मेगा सिक्वेलले एक्सन, इमोसन र थ्रिलिङ थ्रीडी भिजुअल प्रदान गर्छ ।'

## ९० वर्षीया वृद्धाको ढुंगाले हानेर हत्या, एक जना पक्राउ



काठमाडौं, ०२ पुस । प्रहरीले ९० वर्षीया वृद्धाको हत्या गरेको अभियोगमा एकजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा तारकेश्वर नगरपालिका-६ पुशलका ३९ वर्षीय नरेन्द्र शिवभक्ति रहेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । राहत दिइरहेको ठाउँ चिसापानी चप्पल कारखानातर्फ लैजाने क्रममा नरेन्द्रले महिलाको साथमा रहेको पैसा लिने मनसायले उनलाई ढुंगाले हिर्काई हत्या गरेर साथमा रहेको करिब ५० हजार रुपैयाँ नगद लिएर शव खोल्सामा लुकाई घर फर्केको प्रहरीको भनाइ छ । पक्राउ परेका उनीमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## धान किसानको धन बिचौलियाका................................

उत्पादन बढे पनि किसानको धान किन्ने सरकारी निकाय वा स्थान जिल्लामा नरहेको कृषि ज्ञान केन्द्र मलंगवाले जनाएको छ । जिल्लाभित्र सरकारी मूल्यअनुसार धान खरिद बिक्री हुन नसकिरहेको कार्यालयका निमित्त प्रमुख गणेशप्रसाद सिंहले बताए । व्यापारी तथा बिचौलिया मार्फत नै धान खरिद भइरहेको उनको भनाइ छ । 'सरकारले कहाँ कसलाई खरिदको जिम्मा लगाएको छ, हामीलाई थाहा छैनरु हामीलाई नै थाहा नभएपछि किसानलाई थाहा हुने कुरै भएन,' उनले भने । सर्लाही पिपरियाका किसान सुरेन्द्र रायकै जस्तो चिन्ता छ, रूपन्देहीको कोटहीमाई-३ का किसान आलोक यादवको पनि । यसपटक धान बेचेर राम्रो आम्दानी गर्ने सोच बनाएका उनी त्यति बेला निराश भए, जति बेला सरकारले तोकेको समर्थन मूल्यमा धान बेच्न नसकिने निष्कर्षमा पुगे । उनले गुनासो गरे, 'कसैले पनि धानको उचित मूल्य दिएनन् ।' बाँकेको जानकी गाउँपालिका-२ रम्भापुरका सरोज बर्माले स्थानीय व्यापारीलाई राधा-४ धान प्रतिक्विन्टल २ हजार ४ सय रुपैयाँमा बेचे । अघिल्लो वर्षको तुलनामा धानको मूल्य बढे पनि त्यसको प्रतिफल उनले पाएनन्, ठगिए । 'पानीका लागि बोरिङ अनि खनजोत गर्दा लागेको खर्च पनि उठेन,' उनले भने, 'पानी नपरेर प्रकृतिले ठग्यो । अहिले उचित मूल्य नदिएर व्यापारीले ठग्दै छन् ।' नेपालगन्ज उपमहानगरपालिका-१२ का ५५ वर्षीय किसान सुन्दर जरवटले सोमबार तीन क्विन्टल मोटा धान नेपालगन्जका एक व्यापारीलाई बेचे । २ हजार ४ सय रुपैयाँ मात्र धानको मूल्य पाए । सरकारले यस वर्ष मोटा धानको मूल्य प्रतिक्विन्टल २ हजार ९ सय ६७ रुपैयाँ र मध्यम धानको मूल्य प्रतिक्विन्टल ३ हजार १ सय २८ रुपैयाँ तोकेको छ । सुन्दरले यसरी सरकारले तोकेको मूल्यभन्दा कममा धान बेच्नु उनको बाध्यता हो । खाद्यले धान खरिद गर्दा अनेक झन्झट व्यहोर्नुपरेको जानकी गाउँपालिकाको नेवाजी गाउँका छोटु बर्माको अनुभव छ । 'मैले पोहोर साल धान लगेर गएँ । तर तीन दिन कुर्नुपर्‍यो । कुपन लिएर बस्दा पनि तीन दिन कुर्नुपरेपछि दिक्क लाग्यो,' उनले भने, 'यस वर्ष कस्तो हुन्छ, थाहा छैन ।' गत वर्ष धान बेच्ने कुपनका लागि लाइनमा बस्दा किसानले कृषि ज्ञान केन्द्रमा तोडफोड नै गर्ने अवस्था सिर्जना भएको थियो । बाँकेमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले २५ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको छरु धान उत्पादनका आधारमा कम कोटा आएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगन्जका प्रमुख रामशरण लामिछाने बताए । 'अहिले धान राम्रो उत्पादन भएको छ । उत्पादनअनुसार कोटा कम आएको छ,' उनले भने, 'पुस ५ बाट धान खरिद सुरु गर्छौं ।' कपिलवस्तु नगरपालिका-१२ सौराहाका हरिराम कुर्मीले १९ क्विन्टल मोटो धान २५ रुपैयाँ किलोका दरमा बेचे । त्यो पनि ३ महिनापछि चैतमा पैसा पाउने गरी । उनको मसिनो साझा मन्सुली २५ क्विन्टल धान पनि स्याहारेर बेच्न ठिक्क पारेका छन् । तर भाउ नपाउँदा अलमलमा छन्रु जति गरे पनि ३३ रुपैयाँ किलो बढी दिन व्यवसायी मान्दैन । सरकारले मोटो धानको न्यूनतम समर्थन मूल्य २९ रुपैयाँ ६७ पैसा तोकेको छ । तर व्यवसायीले सरकारले तोकेभन्दा ४ रुपैयाँ ६७ पैसा कम मूल्यमा धान खरिद गरिरहेका छन् । जिल्लामा गत वर्षभन्दा यस वर्ष धानको उत्पादन ४ प्रतिशत बढेको छ । जिल्लामा यस वर्ष ७० हजार ७० हेक्टरमा धान खेती गरिएकामा २ लाख ६९ हजार ६ सय ६९ टन धान उत्पादन भएको छ । गत वर्ष ७१ हजार ५ सय हेक्टरमा खेती गरिएकामा २ लाख ११ हजार टन मात्र उत्पादन भएको थियो । गत वर्षभन्दा किलोमा एक दुई रुपैयाँ भाउ बढे पनि खासै मूल्य नपाउँदा धान खेतीप्रति आकर्षण घट्दै गएको मायादेवी गाउँपालिका खैराटीमा रामसुभग यादवले बताए । '४५ क्विन्टल साझा मन्सुली धान बेच्न ठीक पारेको छु,' उनले भने, 'तर राम्रो भाउ नपाउँदा तनावमा छु ।' किसानबाट ३३ रुपैयाँमा किनिएको धानको चामल व्यापारीहरूले ४९/५० मा बेच्ने गरेको र किसानको पसिनामा अरुले नै फाइदा लिइरहेको उनको भनाइ छ । सरकारले समयमा धान खरिद गर्न नसकेकै कारण आफूले सस्तो मूल्यमा धान बेच्न बाध्य भएको बर्दिया राजापुर नगरपालिका-३ का किसान नाचुराम थारुले बताए । स्थानीय व्यापारीलाई धान बेच्दा आफूहरू मर्कामा परेको उनको भनाइ छ ।


**धनकौल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**धनकौल, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

**सूचना! सूचना!! सूचना!!!**

१. जन्म, मृत्यु, बसाईसराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र आ-आफ्नो वडामा आई नि:शुल्क दर्ता गरौं ।
२. जेष्ठ नागरिक, दलित जेष्ठ नागरिक, विधवा, एकल महिला, ५ वर्ष मुनिका दलित बालबालिका र पूर्ण एंवम अति अशक्त अपाङ्गता भएका लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न र अधावधिक गर्न आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरौं ।
३. घर र व्यवसायबाट निस्कने फोहरजन्य पर्दाथ जथाभावीनफालौं ।
४. बालश्रमको प्रयोग नगरौं र बालमैत्री समाजको निर्माण गरौं ।
५. अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक संरक्षण गरौं ।
६. सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं ।
७. कर समयमा नै तिरी जरिवानाबाट बचौं र सभ्य नागरिकको परिचय दिऔं ।

**पर्सा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पर्सा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

**सूचना! सूचना!! सूचना!!!**

१. जन्म, मृत्यु, बसाईसराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र आ-आफ्नो वडामा आई नि:शुल्क दर्ता गरौं ।
२. जेष्ठ नागरिक, दलित जेष्ठ नागरिक, विधवा, एकल महिला, ५ वर्ष मुनिका दलित बालबालिका र पूर्ण एंवम अति अशक्त अपाङ्गता भएका लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न र अधावधिक गर्न आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरौं ।
३. घर र व्यवसायबाट निस्कने फोहरजन्य पर्दाथ जथाभावीनफालौं ।
४. बालश्रमको प्रयोग नगरौं र बालमैत्री समाजको निर्माण गरौं ।
५. अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक संरक्षण गरौं ।
६. सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं ।
७. कर समयमा नै तिरी जरिवानाबाट बचौं र सभ्य नागरिकको परिचय दिऔं ।


**संसारमा सबै भन्दा ठुलो चिहान मान्छेको मन हो, जहाँ हजारौ सपनाको कङ्काल भेटिन्छ ।**

सम्पादक/प्रकाशक बन्दना झा(९८४४०४४९६३) , कम्प्यूटर सेटिङ : अरबिन्द प्रसाद साह इमेल:(sarlahiupdatedaily2076@gmail.com),मुद्रक जानकी अफसेट प्रेस, मलंगवा-२